# नयाँ संविधानमा प्राकृतिक स्रोतमाथि महिलाको अधिकार सुनिश्चितताको बहस

✍ कल्पना गिरी, निर्मला सन्यासी र नेत्रप्रसाद तिम्सिना

## १. प्राकृतिक स्रोतमाथि महिलाको अधिकार किन सुनिश्चित गर्ने ?

नेपालमा प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनमा महिलाले पुऱ्याएको योगदान उल्लेखनीय रहेको कुरा विद्यमान अनुसन्धानहरूले प्रमाणित गरिसकेका छन् । नेपालको सामाजिक संरचना र परम्परा अनुसार महिला आफ्नो घरमा चाहिने अन्न, पानी, बिउ, घाँस, दाउरा, स्याउला आदि व्यवस्थापनको लागि उत्तरदायी मानिन्छन्, जसले गर्दा प्राकृतिक स्रोतमाथिको महिलाको निर्भरता अत्यधिक रहने गरेको छ । अझ ग्रामीण भेगमा प्राकृतिक स्रोतमाथि महिलाको निर्भरता र उनीहरूले प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापनमा पुऱ्याउने योगदान नै अत्यधिक रहने गरेको छ । यति हुँदाहुँदै पनि प्राकृतिक स्रोतमाथि महिलाको अधिकार सुनिश्चित भएको पाइँदैन । अझ विकेन्द्रीकरण प्रणाली अपनाई प्राकृतिक स्रोत व्यवस्थापन गरिरहेका कार्यक्रमहरू जस्तै सामुदायिक वन, जलस्रोत व्यवस्थापन, मध्यवर्ती क्षेत्र आदिमा महिलाको क्षमता अभिवृद्धि, अर्थपूर्ण सहभागिता र अधिकारको सुनिश्चितता चुनौतिका रूपमा देखापरेका छन् । जबसम्म प्राकृतिक स्रोतका लागि अत्यधिक निर्भरता तथा यसको संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउने महिलाको प्राकृतिक स्रोतमाथिको अधिकार सुनिश्चित गर्न सकिदैन, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन हुन सक्दैन ।

नेपालको वर्तमान परिप्रेक्ष्यमा नेपाल सरकारले विद्यमान चुनौतिहरूलाई नीतिगत तरिकाले सम्बोधन गर्नका निमित्त नयाँ संविधान बनाउँदै छ । यो बहश शृङ्खलामा मुख्य गरी महिलाको जल, जंगल र जमिनमाथिको अधिकारमा केन्द्रित रही नेपालको बन्दै गरेको नयाँ संविधानको मस्यौदा समितिका प्रतिवेदनहरूमा प्राकृतिक स्रोतमाथि महिलाको अधिकार के कस्तो रहेको छ र के कस्ता पक्षलाई समेट्न आवश्यक छ भन्नेबारे जानकारी दिइएको छ । साथै, नयाँ संविधानमा प्राकृतिक स्रोतमाथि महिलाको अधिकार सुनिश्चित गर्नका निम्ति विद्यमान प्रावधानहरू, छुटेका सवालहरू, कार्यान्वयन गर्नका निमित्त आइपर्ने चुनौतीहरू र सम्बोधन तथा समाधानका उपायबारे उल्लेख गरिएको छ । यस शृङ्खलामा प्रस्तुत सामग्रीहरू बन्दै गरेको नयाँ संविधानको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति तथा प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिका मस्यौदाका प्रतिवेदनमा आधारित छ । यसका साथै अन्य सान्दर्भिक सामग्रीहरू जस्तै विद्यमान अनुसन्धान तथा छलफलबाट पनि यस शृङ्खलालाई चाहिने सामग्री र प्रमाण जुटाइएका छन् ।

## २. विकेन्द्रित प्राकृतिक स्रोत व्यवस्थापनमा लैङ्गिक न्यायसम्बन्धी विद्यमान अभ्यास, सिकाइ र चुनौतिहरू

प्राकृतिक स्रोतमाथि महिलाको अधिकार सुनिश्चित गर्नका लागि नीति तथा कार्यक्रमद्वारा विभिन्न प्रयास तथा अभ्यासहरू नभएका होइनन् । नेपालले अन्तर्राष्ट्रिय अभिसन्धिहरू जस्तै बेइजिङ्ग घोषणापत्र १९९५, सीडा अभिसन्धि १९७९ सम्झौतामा हस्ताक्षर गरेको छ भने महिलाको मुद्दालाई ग्रामीणदेखि राष्ट्रिय स्तरसम्म पुऱ्याउन विभिन्न सञ्जालहरू, नागरिक संगठनहरू तथा संस्थाहरु कार्यरत छन् । यसैगरी, सन् १९७० को मध्य र सन् १९८० को सुरुदेखि नै प्राकृतिक स्रोत व्यवस्थापनमा महिलाको भूमिकाको खोजी हुन थालेको पाइन्छ । यसका अतिरिक्त वन तथा प्राकृतिक स्रोत व्यवस्थापन, जैविक विविधता संरक्षण र स्थानीय विकासलाई प्रभावकारी बनाउन विभिन्न विकेन्द्रित प्राकृतिक स्रोत व्यवस्थापनमा महिलालाई सहभागी गराउन थालिएको छ ।

### मुख्य सन्देशहरू

१. प्राकृतिक स्रोतमा महिलाको अधिकार सुनिश्चित गर्न नयाँ संविधानमा नै महिला सहभागिताको लागि नीतिगत व्यवस्था गरिनुपर्छ । नीतिगत व्यवस्था पछि मात्रै व्यवहारमा महिला सहभागिता गराउने पहल गर्न सकिन्छ ।

२. नयाँ संविधानमा प्राकृतिक स्रोतमा महिलाको अधिकार सुनिश्चित गर्न र लैङ्गिक न्यायलाई प्रत्याभूत गर्न अझै पनि कठिनाई छ । संविधानको मस्यौदामा उल्लेखित लैङ्गिक न्यायसम्बन्धी प्रावधानलाई जोगाउन नागरिक समाजले महिलाको सहभागितालाई पुरुष सरह अवसरका लागि सरकारी संयन्त्रमा हस्तक्षेप गर्ने योजना, आन्दोलनको रूपमा गरिनुपर्छ ।

३. प्राकृतिक स्रोत व्यवस्थापनमा लैङ्गिक न्याय स्थापित गर्ने कार्यक्रमहरूमा महिलाहरूलाई पीडित समुदायका रूपमा नभई प्राकृतिक स्रोत संम्वर्द्धन, व्यवस्थापन, दिगो विकासका साथै भिन्न वातावरणीय परिवर्तन र अनुकूल संयन्त्र विकासमा उल्लेखनीय र अपरिहार्य योगदान पुऱ्याउने मुख्य अधिकारवाला वा कार्यपत्रको रूपमा लिइनुपर्दछ ।

४. राष्ट्रले प्राकृतिक स्रोत व्यवस्थापन र लाभको बाँडफाँडमा महिलाको समान अधिकारका साथै पैतृक सम्पतिमाथिको महिलाको अधिकार, क्षमता अभिवृद्धि, तथा निर्णय प्रक्रियामा प्रभावकारी भूमिकाको सुनिश्चितता गर्न सक्नुपर्दछ ।

५. महिलाको हक अधिकारका निम्ति बनेका नीति नियमहरूको कार्यान्वयन पक्ष हेर्ने छुट्टै 'अवलोकन निकाय' को स्थापना तथा जवाफदेहिताको सुनिश्चितता गर्न अत्यन्त जरुरी छ ।



सामुदायिक वनको सन्दर्भमा वन क्षेत्रको गुरुयोजना सन् १९८९ ले सामुदायिक वन प्रक्रियामा महिला सहभागितासम्बन्धी व्यवस्था गर्नुपर्छ भन्नेबारे उल्लेख गरेको छ। तर, वन ऐन सन् १९९३ तथा वन नियमावली सन् १९९५ लगायत अन्य कानुनी तथा नीतिगत व्यवस्थामा सामुदायिक वनमा महिला समावेशीकरण, महिला अधिकार प्रवर्द्धन तथा महिला अधिकारको सुनिश्चिततासम्बन्धी स्पष्ट व्यवस्था गरिएको पाइँदैन। सामुदायिक वन मार्गदर्शन सन् २००८ ले भने वन व्यवस्थापन प्रक्रियामा महिला पुरुष दुवैको समान सहभागिताबारे उल्लेख गरेको छ। जस्तै सामुदायिक वन समितिको अध्यक्ष र सचिवमध्ये एक महिला अनिवार्य हुनुपर्ने, समूहको खाता सञ्चालनमा एक जना महिला अनिवार्य हुनुपर्ने जस्ता प्रावधानलाई प्रमुखता दिएको छ। तर समान सहभागिता व्यवहारमा अझै रूपान्तरण नभएको स्थिति छ। त्यसै गरी प्राकृतिक स्रोत व्यवस्थापन तथा संरक्षणमा लैङ्गिक, सामाजिक तथा आर्थिक समानताका कुराहरूलाई एकीकृत गर्दै दिगो तथा समतामुखी विकासलाई प्रवर्द्धन गर्न वन तथा भूसंरक्षण मन्त्रालयले "लैङ्गिक क्षमतासम्बन्धी कार्य समूह" गठन गरेको छ। तर यो कार्यसमूह निष्क्रियप्राय तथा भूमिकाविहीन छ, जसले गर्दा वन अन्तर्गतका कार्यक्रम वा परियोजना जस्तै रेडमा महिलाको आर्थिक, सामाजिक, राजनैतिक तथा साँस्कृतिक अधिकारको प्रभावकारी पहिचान, प्रवर्द्धन तथा सुनिश्चितता भएको पाइँदैन।

जलस्रोत व्यवस्थापन क्षेत्रमा जल स्रोत ऐन सन् १९९२ लाई महिला सहभागिताका लागि कोसेढुङ्गाको रूपमा लिइन्छ। यस ऐनले स्थानीय जनसमुदायको जलस्रोत व्यवस्थापन र उपयोगमा सहभागिता हुनुपर्छ भन्ने कुरामा जोड दिँदै जल उपभोक्ता महासंघको स्थानीय स्तरमा व्यवस्था हुनुपर्छ भन्ने नीति लागू गरेको छ। यस नीतिले उपभोक्ता समितिहरूमा २० प्रतिशत महिला सहभागिताको कुरा ल्यायो। त्यसपछि सिँचाइ नीति सन् २००० ले कम्तीमा पनि ३३ प्रतिशत महिला, दलित तथा अन्य जनजाति र पिछडिएका वर्गबाट २ जनाको उपस्थिति कार्य समितिमा हुनुपर्छ भन्ने प्रावधान ल्यायो र सिँचाइ नीतिको तेस्रो संशोधन सन् २००४ ले पनि जल उपभोक्ता समितिमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्छ भन्ने नियमलाई निरन्तरता दिएको पाइन्छ। तर यी नीति-नियमहरू जलमाथि महिलाको अधिकार सुनिश्चित गर्न तथा महिलाको क्षमता अभिवृद्धि तथा प्रभावकारी निर्णायक भूमिका सुनिश्चित गर्नमा सफल भएको पाइँदैन। साथै यी नीति-नियमहरूको कार्यान्वयन तथा अनुगमन पक्ष अत्यन्त कमजोर रहेको छ।

राज्यका विभिन्न प्रयासहरू जस्तै वन तथा भू-संरक्षण मन्त्रालयभित्र लैङ्गिक, आर्थिक तथा सामाजिक समतासम्बन्धी कार्य समूह बनाउनु, विभिन्न मन्त्रालयले महिलाको लागि छुट्टै बजेट पारित गर्नु, केन्द्रदेखि जिल्ला स्तरसम्म विभिन्न निकायहरूमा लैङ्गिक क्रियाकलाप हेर्ने निकायको व्यवस्था र महिलाको हकहितको लागि कानुन आदि बनाएको देख्दा राज्य लैङ्गिक असमानतालाई सम्बोधन गर्न गम्भीर रहेकोजस्तो लाग्छ। तर यसले उत्तरदायित्वको संरचनालाई प्रभावकारी र जवाफदेही बनाउन नसकेको स्थिति छ।

नेपालका पछिल्ला संविधानहरूमा राज्यले महिलाको विकासको लागि विशेष व्यवस्था गर्न सक्दछ भन्ने प्रावधान उल्लेख गरेको भए तापनि राज्य यसप्रति गम्भीर भएको पाइँदैन। सैद्धान्तिक रूपमा महिला र पुरुषमा समानता देखिए तापनि कार्यान्वयनमा धेरै विभेद भैरहेका छन्। जस्तै, महिला साक्षरता दर ४२ प्रतिशत छ भने भूमिमाथि महिलाको अधिकार १० प्रतिशतमा सीमित छ। यसै गरी जलस्रोत र सिँचाइ समितिहरूमा ३३ प्रतिशत तथा सामुदायिक वन व्यवस्थापन समितिहरूमा ५० प्रतिशत महिला सहभागिताको प्रावधान ल्याइए तापनि यी प्राकृतिक स्रोत व्यवस्थापनमा महिलाप्रति भेदभाव कायमै छ। महिलाले जति पनि पद, स्थान पाएका छन्, त्यसको कुनै निर्णायक भूमिका र प्रभाव नै छैन। राजनीतिक पार्टीहरुमा समेत पनि महिलाहरुलाई निर्णय गर्ने ठाउँबाट बाहिर पारिएका छन्। स्रोत बाँडफाँडमा त झन् महिलाहरु छँदै छैनन्। गा.वि.सको बजेटमा समेत महिलाको सहभागिता र पहुँच छैन। महिला सहभागिताको व्यवस्था नीतिमा गरिए तापनि कतिपय गा.वि.स., नागरिक संस्था तथा उपभोक्ता समितिहरुमा महिलाको सहभागिता भएको छैन। कतिपय ठाउँहरूमा महिला सहभागी छन् तर प्रभावहिन भएको कारणले गर्दा समिति नै विघटन गर्नुपर्ने अवस्था पनि आएको छ। सहभागिताका नाममा महिलालाई ताली बजाउने समूहकारूपमा मात्र सहभागी गराइएको स्थिति छ।

नेपाली परिवेश, परम्परा र सामाजिक संरचना अनुसार लैङ्गिक विभेद घरबाट नै हुने गरेको छ। जस्तै, छोरी र छोरा बीचको पैतृक सम्पत्तिमा अंशसम्बन्धी अधिकार नै विभेदपूर्ण रहेको छ। सम्पत्ति कारोबार आदिमा स्वामित्व नभएकै कारणले कतिपय समावेशीमूलक कार्यक्रमहरूले महिला सहभागिता बढाउन सकेका छैनन्। जस्तै, घरमुलीको रूपमा पुरषको पहिचान हुने तथा समावेसीमूलक कार्यक्रमहरूमा घरमूलीलाई बोलाइने हुँदा पुरुषले नै सहभागिता जनाउने गर्दा त्यस किसिमका कार्यक्रमहरूमा महिलाको संकुचित सहभागिता हुने गरेको पाइन्छ। विकेन्द्रित प्राकृतिक स्रोत व्यवस्थापनमा लैङ्गिक न्याय दिगो रूपमा स्थापित गर्न आइपर्ने चुनौतीहरु निम्न तालिकामा दिइएको छ।

**विकेन्द्रित प्राकृतिक स्रोत व्यवस्थापनमा लैङ्गिक न्याय दिगो रूपमा स्थापित गर्न आइपर्ने चुनौतिहरू**

- **सामाजिक संरचनाको प्रभाव :** भूमिमाथिको अधिकार तथा महिलाको कामको पहिचान नहुनु, औपचारिक कार्यक्रम परिचालनका तरिका लैङ्गिक संम्वेदनशील नहुनु, अत्यधिक घरधन्दाको बोझ र परम्परागत रूढिवादी मूल्य र मान्यता तथा दृष्टिकोण यथावत हुनु ।
- **संख्यात्मक वा गुणात्मक सहभागिता :** महिला सहभागितालाई समाजमा विद्यमान असमान शक्ति सम्बन्धलाई रूपान्तरण गर्ने दृष्टिकोणभन्दा पनि परियोजना सफल बनाउने माध्यमको रूपमा लिइने परिपाटी रहनु, सामुदायिक सहभागितामा महिला र महिला सरोकारवालाको भूमिकाको पहिचान नगरिनु, क्षमता अभिवृद्धिका कार्यक्रमको अभाव हुनु ।
- **महिलाको अधिकारलाई साँघुरो र फाइदाका रूपमा मात्र बुझ्ने परिपाटी :** फाइदाको वितरणमा महिलाको पहुँचलाई बुझ्दा, महिलाको क्षमता अभिवृद्धि, अधिकार र प्रभावका विषय ओझेलमा पर्नु ।
- **अनुगमन र मूल्याङ्कन पक्ष कार्यान्वयन नहुनु :** उत्तरदायीपूर्ण संरचनाहरूको निर्माण नहुनु र भएका संरचनामा प्रभावकारी जवाफदेहिता नहुनु ।
- **महिला भित्रको विविधता पहिचान र विश्लेषणको अभाव :** महिला भित्रका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक विविधता र सरोकारका सवालहरू पहिचान र विश्लेषण गर्ने प्रक्रियाको कमी रहनु ।
- **प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी सरकारी निकाय र संघ/संस्थाको क्षमता र सुशासन:** प्राकृतिक स्रोत व्यवस्थापनका सामाजिक र लैङ्गिक सवालहरूलाई सम्बोधन गर्न प्राविधिक ज्ञान र दृष्टिकोणको बाहुल्य र सरकारी निकाय र संघ/संस्थाहरूमा मानव संसाधनमा विविधता नहुनु ।

## ३. संविधानसभाका मस्यौदा समितिका प्रतिवेदनहरूमा लैङ्गिक समानताका लागि प्रयास

संघीय लोकतन्त्रको मर्मअनुसार बन्न लागेको नयाँ संविधानमा ३२.७८ प्रतिशत महिला सभासद्ले डेढ करोड महिलाको नेतृत्व गरिरहेका छन् । नयाँ संविधानको मस्यौदा समितिका प्रतिवेदनहरूमा प्राकृतिक स्रोतको वितरण, स्रोतमाथिको निर्णायक भूमिका र नेतृत्व विकासमा लैङ्गिक समानताका निम्ति निम्न प्रयास गरेको देखिन्छ ।

नयाँ संविधान निर्माण प्रक्रियामा ११ वटा विभिन्न विषयगत समितिहरू गठन गरिएको छ । त्यसमध्ये मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिद्वारा तयार गरिएका मौलिक हकसम्बन्धी मस्यौदामा मुख्य गरी ३१ वटा मौलिक हकहरू राखिएका छन् । जस अन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, आमसञ्चारसम्बन्धी हक, न्यायसम्बन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, निवारक नजरबन्दसम्बन्धी हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, सम्पत्तिसम्बन्धी हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, वातावरणसम्बन्धी हक, शिक्षासम्बन्धी हक, भाषा तथा संस्कृतिसम्बन्धी हक, रोजगारीसम्बन्धी हक, श्रमसम्बन्धी हक, स्वास्थसम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवाससम्बन्धी हक, महिलासम्बन्धी हक, परिवारसम्बन्धी हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षासम्बन्धी हक, उपभोक्ताको हक, देश निकाला विरुद्धको हक, मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हकहरू राखिएका छन् । यसरी ३१ वट मौलिक हकहरू मध्ये महिलाका लागि एउटा छुट्टै धारा राखिएको छ । यस धाराको उपधारा २ मा महिलाविरुद्ध कुनै किसिमको लैङ्गिक भेदभाव गरिनेछैन भन्ने उल्लेख छ । यस्तै गरी उपधारा ५ मा राज्य संयन्त्रका सबै निकायमा महिलाको समावेशी आधारमा समानुपातिक सहभागिताको हक हुनेछ भन्ने प्रावधान राखिएको छ । महिलाका कामलाई आर्थिकरूपमा स्थापित गर्नका लागि मस्यौदा केही हदसम्म सफल भएको छ । तर प्राकृतिक स्रोतमाथिको महिलाको हकबारे केही स्पष्ट प्रावधान भने यी ३१ वटा मौलिक हकहरूमा परेको पाइँदैन ।



प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिको मस्यौदाले प्राकृतिक स्रोतलाई आर्थिक विकासको मेरुदण्ड मानेको छ र प्राकृतिक स्रोत व्यवस्थापनको नीतिबारे पनि उल्लेख गरेको छ । प्राकृतिक स्रोत व्यवस्थापनलाई चौतर्फी विकासको रूपमा हेरिएको छ । यसबाट वातावरण संरक्षण, स्रोतको उचित व्यवस्थापन र लाभांश वितरण गरिने कुरा उल्लेख गरिएको छ । प्राकृतिक स्रोत व्यवस्थापनबाट प्राप्त लाभांश महिलालाई पनि प्रदान गरिने उल्लेख गरिएको छ । धेरैजसो प्राकृतिक स्रोत व्यवस्थापनका नीतिहरूमा स्थानीय समुदायको अग्रीम अधिकार सुनिश्चित गर्नेबारे उल्लेख गरिएको छ । यस मस्यौदामा जल, जंगल, जमिन लगायतका राज्यमा उपलब्ध प्राकृतिक स्रोत साधनमा महिलाको पहुँचलाई सुनिश्चित गर्ने भन्नेबारे उल्लेख गरिएको त छ, तर प्राकृतिक स्रोत व्यवस्थापनमा महिलाको क्षमता अभिवृद्धि, अर्थपूर्ण सहभागिता तथा निर्णायक भूमिका कसरी सुनिश्चित गर्न सकिन्छ भन्नेबारे स्पष्ट प्रावधान छैन । यस्तै, भूमिसम्बन्धी, प्राकृतिक स्रोत तथा प्राकृतिक स्रोतबाट प्राप्त उत्पादन र रेड वा कार्बन बजारबाट प्राप्त हुने फाइदाहरूमा पनि महिलाको पहुँच सुनिश्चित गर्नका निमित्त आवश्यक प्रावधानको अभाव देखिन्छ ।

प्राकृतिक स्रोतहरूसँग महिलाको प्रत्यक्ष सम्बन्ध रहेकाले र स्थानीय वा जनजाति समुदायका प्रचलित प्रथाहरूले पनि महिलाको अधिकार वञ्चित गर्न सक्ने हुँदा, प्राकृतिक स्रोतसम्बन्धी नीतिले स्थानीय समुदायको अधिकारको मात्र उल्लेख गरेर हुँदैन । त्यसमा महिला तथा त्यस्ता स्रोतसँग प्रत्यक्ष सम्बन्ध रहेका तथा स्रोतमा आश्रित समुदायबारे पनि स्पष्ट हुनुपर्दछ । जस्तै, संविधानमा आदिवासी जनजातिको अग्राधिकार भनिए तापनि त्यसमा महिलाको अधिकार भनेर नआएकाले अबको मस्यौदामा आदिवासी, जनजाति तथा प्राकृतिक स्रोतमा आश्रित महिला भनेर राख्नुपर्दछ । कुल जनसंख्याको समानुपातिक रूपमा महिला आउनुपर्दछ ।

मस्यौदा प्रतिवेदनहरूका उल्लेखित प्रयासहरूलाई कार्यान्वयन गर्न अब बन्ने ऐन कानुनको निर्माणमा महिलाको प्रतिनिधित्वको ग्यारेन्टी गरिनुपर्दछ । जस्तै, प्राकृतिक स्रोत अधिकार समितिमा महिलाको संख्या प्रतिशतमा तोक्दा महिलाको प्रतिनिधित्वको सुनिश्चितता हुन सक्दछ ।

## ४. प्राकृतिक स्रोतमाथि महिलाको अधिकार सुनिश्चित गर्नका निमित्त अपनाउनुपर्ने रणनीतिहरू

प्राकृतिक स्रोतमाथि महिलाको अधिकारबारे बनेका विभिन्न नीति नियमहरूको अध्ययनको आधारमा नयाँ संविधानमा महिलाको हक अधिकार कसरी सुनिश्चित हुनुपर्छ भन्ने सन्दर्भमा यस शृङ्खलाका नीतिगत सुझावहरू निम्नप्रकार रहेका छन् :

- महिलाको सहभागिताको लागि नीतिमा नै व्यवस्था गरिनुपर्छ जसले गर्दा मात्र कानुन र व्यवहारमा महिला सहभागिता गराउन सकिन्छ । नीतिमै व्यवस्था गरिएन भने महिलाको सहभागिता कुरामै सीमित हन्छ ।
- नयाँ संविधानको मस्यौदामा उल्लेखित लैङ्गिक न्यायसम्बन्धी प्रावधानहरूलाई जोगाउन नागरिक समाजले महिला सहभागिता र पुरुषसरह समान अवसरका लागि सरकारी संयन्त्रमा हस्तक्षेप गर्ने योजना, आन्दोलनको रुपमा गरिनुपर्छ ।
- प्राकृतिक स्रोत व्यवस्थापनमा लैङ्गिक न्याय स्थापित गर्ने कार्यक्रममा महिलाहरुलाई पीडित समुदायको रूपमा नभएर प्राकृतिक स्रोत संवर्द्धन, व्यवस्थापन, दिगो विकासका साथै भिन्न वातावरणीय परिवर्तन र अनुकुल संयन्त्र विकासमा उल्लेखनीय र अपरिहार्य योगदान पुऱ्याउने मुख्य अधिकारवाला वा कार्यपात्रको रूपमा लिइनुपर्दछ ।
- निर्णय प्रक्रियामा तथा सहभागितामा सबैभन्दा पहिला विभेद हुने ठाउँ परिवार हो । त्यसले स्रोत तथा सम्पतिमाथि महिलाको अधिकारलाई परिवारमा नै सुनिश्चित गर्न संवैधानिक र कानुनी प्रावधान राख्ने र कडाईका साथ कार्यान्वयन गर्नु जरुरी छ ।
- नीति निर्माता तथा निर्णायक तहमा भूमिका निर्वाह गर्ने समूहहरूको विकास र लैङ्गिक सहभागिताप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन गर्न सरकारी, गैर सरकारी तथा समुदायिक संस्थाहरूको स्तरमा संचालित क्षमता विकासका विषयहरू र तरिकाहरूमा व्यापक परिवर्तन गर्नुपर्दछ ।
- राज्यद्वारा वितरण स्रोत तथा नीति निर्माण र राजस्व परिचालनका संरचनाहरु र निर्णायक तहमा महिलाको पहुँच भूमिका, प्रभाव र अधिकार समानुपातिक रूपमा सुनिश्चित गरिनुपर्दछ । केन्द्रदेखि स्थानीय स्तरसम्म महिला तथा पिछडिएका समुदायले आफ्नो आवाज र दृष्टिकोण राख्न सक्ने उपयुक्त वातावरणको सिर्जना गरिनुपर्दछ र उनीहरूले ल्याएका एजेण्डा तथा उठाएका मागहरूको सम्बोधन गरिनुपर्दछ ।
- लैङ्गिक विभेद नगर्ने विद्यमान संवैधानिक प्रावधान भए तापनि संविधान र कानुन लागू रहेकै अवस्थामा विभेदकारी प्रचलन र अभ्यासले निरन्तरता पाइरहने हुँदा संवैधानिक र कानुनी प्रक्रियाको कार्यान्वयन कडाइका साथ गर्ने सुशासनको व्यवस्था गरिनुपर्दछ । नयाँ संविधानले उत्तरदायित्वको संरचनालाई प्रभावकारी बनाउने, कार्यान्वयन पक्षको सुनिश्चितता र जवाफदेहीताको संरचनालाई प्रभावकारी बनाउने व्यवस्था गर्न सक्नुपर्दछ ।
- नेपाली समाजको संरचनाअनुसार महिला के हो र को हो, विचार गरिनुपर्छ । महिलाको अधिकारका कुरा गर्दा ठाउँ परिस्थिति अनुसार फरकफरक तरिकाले उठाउनुपर्छ । साथै विद्यमान नीति तथा नियमावलीहरूले महिलाको आन्तरिक क्षमतामा के परिवर्तन ल्यायो, अधिकार हस्तान्तरण गरिए तापनि उपयोग गर्ने अवस्था-अवसर दियो कि दिएन भन्नेबारे मूल्याङ्कन गरिनुपर्दछ ।

## कृतज्ञता ज्ञापन

प्राकृतिक स्रोत र विकेन्द्रीकरण: नयाँ संविधानमा लैङ्गिक न्याय विषयक अन्तरक्रिया कार्यक्रममा सक्रिय सहभागी भई यस अध्ययनलाई फलदायी बनाउन सहयोग गर्ने सबै सहभागीप्रति हामी कृतज्ञ छौं । अनुभव, प्रतिक्रिया बाँड्ने तथा समालोचना गरिदिने हिमवन्ती नेपाल तथा फरेस्टएक्सन नेपालका साथीहरूलाई विशेष धन्यवाद । यस्तै, यस लेखको पाण्डुलिपि पढी सुझाव दिनुहने डा. मनोहरा खड्का र श्री कमल भण्डारीप्रति आभारी छौं । यस लेखलाई टाइप गरी विशेष सहयोग गरिदिनुहुने अन्जु खाँणलाई धन्यबाद छ । साथै, यस अध्ययनका लागि आर्थिक सहयोग प्रदान गर्ने क्यानेडियन अन्तर्राष्ट्रिय विकास तथा अनुसन्धान नियोग (आइडीआरसी) प्रति आभारी छौं ।

## थप जानकारीका लागि

**कल्पना गिरी:** kalpana22us@yahoo.com
**फरेष्टएक्सन, नेपाल**
**पो.व.न. १२२०७**
**काठमाडौं, नेपाल**
**फोन:** +९७७-१-५५५०६३१, ५५५२९२४
**फ्याक्स:** +९७७-१-५५१३१९०
**इमेल:** fa@forestaction.org
**वेभसाईट:** www.forestaction.org